## सहभागिता पत्रिका (जर्नल) वर्ष २४ अङ्क १ का लागि

# लेख/रचना उपलब्ध गराउनेसम्बन्धी सूचना

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले वार्षिक रुपमा प्रकाशन गर्ने सहभागिता पत्रिका (जर्नल) वर्ष २४ अङ्क १ का लागि तपसिलमा उल्लिखित विषयक्षेत्र तथा ढाँचामा कम्तीमा ३ हजार शब्दसम्मको अनुसन्धान वा तथ्यमा आधारित वा विचारमूलक लेख/रचनाहरू २०८१ साल बैशाख २२ गतेभित्र यस प्रतिष्ठानको इमेल: ldta.org.np@gmail.com वा ldta.rhkhatri@gmail.com मा वा प्रतिष्ठानमा नै उपस्थित हुनुभई doc. or docx. format मा विद्युतीय प्रति उपलब्ध गराइदिनु हुन इच्छुक सबैमा अनुरोध गरिन्छ।

**१. विषयक्षेत्रहरू**

(क) सङ्घीयता

(ख) स्थानीय शासन

(ग) क्षमता विकास

**२. लेख/रचनाको ढाँचा**

**(क) विचारमूलक लेख/रचनाको ढाँचा**

- शीर्षक (Title)
- सारांश (Abstract) – १५० शब्दसम्म
- मुख्य शब्द (शब्दकुञ्जी) – ५ शब्दसम्म
- पृष्ठभूमि (Background)
- विश्लेषणात्मक प्रस्तुती (Analysis)
- निश्कर्ष (Conclusion)
- सन्दर्भ सामग्री (References)

**(ख) अनुसन्धानमूलक वा तथ्यमूलक लेख/रचनाको ढाँचा**

- शीर्षक
- कृतज्ञता (Acknowledgement)
- सारांश (Abstract) – १५० शब्दसम्म
- मुख्य शब्द (शब्दकुञ्जी) – ५ शब्दसम्म

- पृष्ठभूमि (Background)
- अध्ययनको उद्देश्य (Objectives of the Study/Research)
- सम्बन्धित साहित्यको पुनरावलोकन (Literature Review)
- अध्ययन विधि (Methodology)
- तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण (Data Presentation and Analysis)
- प्राप्ति र विश्लेषण (Findings and Discussion)
- निश्कर्ष (Conclusion)
- सन्दर्भ सामग्री (References)

**(ग) लेख/रचना उपलब्ध गराउँदा पालना गर्नुपर्ने शर्तहरू**

- लेख तथा रचनामा लेखक वा सह-लेखक भए सह-लेखकसमेतको नाम, ठेगाना, मोवाइल नं., इमेल र कुनै संस्थामा आवद्ध भए उक्त संस्थाको नामसमेत खुलाउनुपर्ने छ।
- लेख/रचना नेपाली भाषामा भए नेपाली युनिकोडको kokila font को १६ साइजमा वा kalimati font मा भए १२ साइजमा र अङ्ग्रेजीमा भए Times New Roman font अथवा Arial font को १२ साजइमा हुनुपर्ने छ। पेज मार्जिन चारैतर्फ १।१ इन्च छाडेको हुनुपर्ने छ।
- नेपाली भाषामा लेखिएका लेख/रचनाहरूको शीर्षक (heading) तथा शब्दकुञ्जी अङ्ग्रेजी (English) मा समेत उल्था गरी पठाउनुपर्ने छ।
- लेख/रचनामा प्रयोग गरिएका तालिका, चित्रहरू सम्पादन (Edit) गर्न सकिने किसिमको हुनुपर्ने छ।
- कुनै संस्था वा व्यक्तिको प्राविधिक सहयोग, आर्थिक सहयोग र परामर्शमा अनुसन्धान कार्य गरेको भए सो दाता संस्था वा व्यक्तिलाई लेखमा धन्यवाद ज्ञापन गरेको हुनुपर्ने छ।
- अन्यत्र प्रकाशन भइसकेको लेख/रचनालाई मान्यता दिइने छैन।
- लेख/रचना कम्तीमा ३,००० (तीन हजार) शब्दको हुनुपर्ने छ।

सम्पर्कका लागि
रामहरि खत्री
कम्प्युटर अधिकृत
स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
मोवाइल नं. ९८४९४०६२७६